# नवलपरासी जिल्लाको सनई गाविसमा महिलाको प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको उल्लंघन बारे गरिएको स्थलगत प्रतिवेदन



**महिला, कानुन र विकास मञ्च (FWLD)**

**उपसमिति संयोजक: महिला महासन्धी**

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC)**

**२०६३ मंसिर ८**

**काठमाडौं**

## १. पृष्ठभूमि

२०६३ साल कार्तिक १५ गते कान्तिपुर दैनिकमा "सुत्केरीलाई पाँचदिनसम्म भोकै राख्ने चलन" शीर्षकमा एक समाचार प्रकाशन भयो । उक्त समाचार प्रकाशन पश्चात् वास्तविक तथ्य बुझ्न र आवश्यक पहल गर्न जिल्ला प्रशासन कार्यालयलाई महिला, कानुन र विकास मञ्चले पत्राचार गरेपछि त्यहाँको महिला विकास कार्यालयले सम्बन्धित ठाउँको वस्तुस्थिति र उपरोक्त प्रचलनको स्थलगत अध्ययन गरी पुष्टि हुन आएपछि मानवअधिकार सन्धि अनुगमन समिति (HRTMCC) अन्तर्गत महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि अनुगमन समितिले २०६३ साल मसिर ३ गतेदेखि ५ गतेसम्म उपरोक्त घटनाको यथार्थता बुझी तथ्य संकलन गर्ने र जनचेतना जगाउन अनुसूची १ मा उल्लेखित संघ संस्था र महानुभावलाई पठाउने निर्णय गरी HRTMCC का सदस्य सहित ९ जनाको टोली उपरोक्त घटना स्थल पुगी अनुगमन तथा जनचेतना जगाउने काम गरेको थियो ।



## २. अनुगमनको उद्देश्य

प्रस्तुत घटनाको अनुगमन गर्ने प्रमुख उद्देश्य रहेता पनि उपरोक्त बमोजिमको प्रचलन तथा कुसंस्कारले महिला तथा नवजात शिशुको जीवन, स्वतन्त्रता र प्रजनन अधिकारमा समेत खराब असर पर्दछ भन्ने कुराको जनचेतना जगाउनु थियो ताकि पुनः यस्तो कुरिती नदोहोरिउन भनी सरोकारवाला व्यक्ति तथा संस्थाको ध्यानाकर्षण गराउनु अनुगमन टोलीको समग्र उद्देश्य थियो ।

३. **अध्ययन टोली**

| सि.नं. | नाम | संस्था |
|---|---|---|
| १. | अधिवक्ता लोकहरि बस्याल | महिला, कानुन र विकास मञ्च |
| २. | सेलिना थापा | महिला, कानुन र विकासम मञ्च |
| ३. | अधिवक्ता वसन्ती श्रेष्ठ | कानुनी सेवा तथा परामर्श केन्द्र |
| ४. | नविनचन्द्र दर्लामी | हिमराइट्स |
| ५. | लोकराज अवस्थी | इन्सेक |
| ६. | डा. मोहम्मद पुरूल होदा | पृथ्वीचन्द्र अस्पताल, परासी |
| ७. | सुदर्शन पन्त | परासी बार इकाई |
| ८. | कृष्ण कार्की | पत्रकार, स्थानीय लुम्बिनी दैनिक |
| ९. | ज्योतिमाया ढुंगाना | महिला विकास कार्यालय, परासी |
| १०. | किशोर हमाल | महिला विकास कार्यालय, परासी |

४. **घटनास्थल**

नवलपरासी जिल्लाको सनइ गाविस वडा नं. ८ पडरी चौधरी समुदाय नै अनुगमनको प्रमुख स्थान थियो सो स्थान नवलपरासी जिल्ला सदरमुकाम परासी बजारबाट करीब १० किलोमिटर दक्षिण पश्चिममा रहेको छ । परासी बजारबाट झण्डै आधाघण्टाको सवारी साधनको यात्राबाट सम्बन्धित स्थानमा पुग्न सकिन्छ ।

५. **घटनामा पीडित व्यक्तिहरू**

यो टोलीले प्रत्यक्ष अवलोकन गर्दा रन्जना चौधरीलाई पीडितको रूपमा पाएको थियो तथापि उनीहरूको परम्परागत प्रचलन रहेकोले त्यस समुदायका सम्पूर्ण महिलाहरू नै उपरोक्त प्रचलनबाट पीडित भएको र हुने गरेको पाइयो ।

६. **अनुगमन तथा जनचेतना जगाउने कार्यपद्धति**

अनुगमन टोलीले निम्न पद्धतिहरू अपनाई घटनाको अवलोकन गर्ने र जनचेतना जगाउने कार्य गरेको थियो ।

**क)** **अवलोकन** – अनुगमन टोलीले सम्बन्धित स्थलको प्रत्यक्ष अवलोकन गर्ने र पीडित महिलाको स्वास्थ्य स्थिति बुझ्ने तथा उनीहरूको कुसंस्कारको सम्बन्धमा जानकारी लिने काम गरेको थियो ।

**ख)** **भेटघाट, छलफल** – अनुसूची २ मा उल्लिखित व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट तथा छलफल गरेको थियो ।

**ग)** **जनचेतनामूलक कार्यक्रम** – अनुगमन टोलीको अर्को उद्देश्य उपरोक्त बमोजिम कुसंस्कार विरूद्धमा जनचेतना जगाउने रहेकोले परासीस्थित पृथ्विचन्द्र अस्पतालका

डा. महमद पुरूल होदाको उपस्थितिमा प्रजनन स्वास्थ्यको सम्बन्धमा जानकारी गराएको थियो ।

**७. पीडित तथा सरोकारवाला व्यक्तिहरूको भनाई**

**रन्जना चौधरी, वर्ष २०, सनई गाविस वडा नं. ८**

रन्जना चौधरी २० वर्षकी भइन । करीब १ महिना अघि सुत्केरी भएकी थिइन । उनले कक्षा ६ सम्म अध्ययन गरेकी छन् । उनको श्रीमान वैजनाथ चौधरी कक्षा ८ सम्ममात्र पढेका छन् । उनको भनाइ अनुसार उनीलाई परम्परागत प्रचलन अनुसारनै ५ दिनसम्म सुत्केरी पश्चात् खाना खान दिइएन । सोही समयमा आफू अत्यन्त कमजोर भएको, रिंगटा लाग्ने गरेको बताइन । साथै टोलीले उनी बस्ने सुत्ने कोठा अवलोकन गर्दा कोठा अत्यन्त अँध्यारो रहेको, भुँइमा पर्याप्त लुगा नभएको पाएको थियो । उनका अनुसार बच्चालाई आफ्नो दुध खुवाउन नसकेको बताइन । ५ औं दिनमा उनलाई भात खान दिएको र ७ दिनपछि मासु भात खान दिएको जानकारी गराइन । ५ दिनसम्म अत्यन्त भोक लागेको थियो तर प्रचलनले गर्दा खाना खान पाइएन । यो प्रचलन ठीक छैन यो तोड्नु पर्दछ भन्ने उनको भनाई थियो ।

**जमुना चौधरी, वर्ष ३५,**

जमुना चौधरी पीडित रन्जना चौधरीकी जेठानी हुन् । उनको भनाइ अनुसार आफू पनि सोही प्रचलनको पीडित भएको बताइन । एउटी सुत्केरी महिलालाई ५ दिनसम्म खाना खान तथा पानीसम्म पनि पिउन नदिने प्रचलनको उनी विरोध गर्छिन । सुत्केरी महिला त्यसै पनि अत्यन्त कमजोर हुन्छिन् । अझै ५ दिनसम्म पानीसम्म पनि पिउन नपाउँदा अत्यन्त नाजुक स्थिति हुन्छ । उनीसँगको कुराकानीमा उनी भन्छिन् आफूले सो प्रचलनबाट सुत्केरी अवस्थामा कष्ट भोग्न बाध्य भएता पनि अब आउने नयाँ पीढिलाई त्यसो गर्न नदिने कुरा बताउँछिन् र सो प्रथा तोड्ने प्रतिबद्धता पनि जनाइन ।

**चन्द्रिका चौधरी, वर्ष ४०**

चन्द्रिका चौधरीका ४ जना छोरा र १ छोरी छन् । चन्द्रिका चौधरीको भनाइ अनुसार श्रीमती सुत्केरी भएपछि पहिलो बच्चा जन्मदा ५ दिनसम्म र दोस्रो बच्चा जन्मदा ३ दिनसम्म खाना खान नहुने हाम्रो चलन परापूर्वकालदेखि नै चल्दै आएको हो । पूर्वजको पालामा सुत्केरी आमाले लुकिछिपी पानी पिउने र खाना खाँदा बच्चा मरेको किम्बदन्ती छ । सोही अनुसार हामी पश्चिमा चौधरी समुदायमा अहिलेसम्म पनि कायमै छ ।

चन्द्रिकाले आफ्नो श्रीमती सुत्केरी हुँदा पनि कुनै किसिमको खाना खान नदिएको खुलासा गरे । बच्चा जन्मने साथ बाखाको दूध खुवाउने, तत्पश्चात ५ दिनसम्म आमाले खान नखने भएकोले आमाको दूध नआउने कारणले गाई भैसीको दूध खुवाउने गरेको बताए । उनका अनुसार पहिलो सुत्केरी हुँदा ५ दिनसम्म पानी पनि पिउन हुँदैन भन्ने प्रचलनका

सम्बन्धमा तपाईको भनाई के छ भनी प्रश्न गर्दा यो प्रचलन राम्रो छैन, यसलाई हटाउनु पर्दछ ।

## रामनारायण चौधरी, वर्ष २५

रामनारायण चौधरी हाल कक्षा ६ मा अध्ययनरत छन् । उनले आफू FPAN को स्वयंसेवक भएको जानकारी गराए । हाम्रो पश्चिमा चौधरी समुदायमा सुत्केरी महिलालाई पानीसम्म पनि पिउन दिएमा बच्चा तथा आमालाई केही भईहाल्छ कि भन्ने परम्परागत सोच एंव डरत्रास छ । किनकि पहिले कुनै समयमा सुत्केरी महिलाले लुकिछिपी पानी पिउने र खाना खाने गरेकोले बच्चा मरेको किम्बदन्ती रहेको छ ।

हाम्रो परिवार तथा समाजमा बुढा पुराना व्यक्तिहरूमा त्यो विश्वास रहेकोले सुत्केरी महिलालाई खान खान दिइदैन उनले यो दश घर (खान्दानी परिवार) चौधरी समुदायमा पानी पनि खान दिइदैन । तपाईहरू जस्तो युवकलाई यो परम्परा राम्रो लाग्छ भनी जिज्ञासा राख्दा उनी भन्छन् - यो चलन खराब छ यसलाई हटाउनु पर्दछ । तर परम्परागत विश्वासले गर्दा एकै पटक हटाउन गाह्रो छ । यो विस्तारै हट्दै जान्छ । उनले भने कसैले खाना खुवाउँदा केहि हुँदैन भनी जिम्मा लिएको खण्डमा खाना खान दिन्छन् । जिम्मा लिन अरू डराउँछन ।

## मीना चौधरी, वर्ष २८

मिना चौधरी पनि पश्चिमा चौधरी परिवारकी सदस्य हुन् । उनका एउटा छोरा एउटी छोरी छन् । उनले भनिन पहिलो पटक सुत्केरी हुँदा पानीसम्म पनि पिउन नहुने चलन हाम्रो समुदायमा परापूर्वकालदेखि चलि आएको हो । तपाई पहिलो पटक सुत्केरी हुँदा खानु भयो कि भएन भनी जिज्ञासा राख्दा म पहिलो पटक सुत्केरी हुँदा माइतमा थिए, माइतमा यस्तो चलन छैन, खाँए, दोस्रो पटक पनि खाए उनले भनिन् यो चलन खराब छ, खाना खान दिनुपर्छ किन कि सुत्केरी हुँदा अत्यन्तै कमजोर भइन्छ यो अवस्थामा खाना खान दिनु पर्दछ तर बुढापाकाले दिदैनन् के गर्ने ?

## सुमित्रा चौधरी, वर्ष ७०

सुमित्रा चौधरी उमेरले डाँडो काटिसकेकी वृद्ध महिला हुन् । उनले भने हाम्रो परापूर्वकालदेखि नै पहिलो पटक सुत्केरी हुँदा पानीसम्म पनि पिउनु हुँदैन । परापूर्वकालमा सुत्केरी महिलाले लुकीछिपी खाना खाँदा बच्चा मरेको थियो भन्ने किम्बदन्ती छ । तपाईले खाना खानु भयो कि भएन भन्दा कहाँ खानु हामीलाई पानी पनि पिउन हुँदैन भने पछि खाएनौं । भोक लागेन त भन्दा अहँ भोक लागेन । किनकि भगवानले हेरेको हुन्छ भोग लाग्दा भगवानको नाम जपेपछि भोक हराएर जान्छ । नवजात शिशुलाई दूध खुवाउनु भएन त भन्दा आमाले खान नखाएपछि त आफ्नो दूध आएपो खुवाउने भनी जवाफ दिनुभयो ।

निज सुमित्राका अनुसार विवाह भएपछि पहिलो माघ महिनाभरी खिचडी खुवाउँछौं । कसैले बीचैमा छोडेमा केहि न केही भइहाल्छ भन्ने समते जानकारी दिइन् । के यो चलन ठिक छ

त ? भन्दा यो चलन राम्रो छ, परापूर्वकालदेखि चलिआएकोले हामीले चलाई रहनु उपयुक्त छ, सुत्केरीमा खाना नखादा कसैलाई केही भएको छैन । तपाईहरूले बुहारीलाई किन खाना खान दिनु हुँदैन भन्दा उनीहरूले नै खान माग्दैनन्, खाना खान मागे दिन्छौं भनिन् ।

### रामसमुज चौधरी, वर्ष २२

रामसमुज चौधरी पनि पश्चिमा चौधरी नै हुन् तर १० घरका खान्दानी परिवार भित्रका होइनन् । उनका अनुसार आफ्नो परिवारमा त्यस्तो चलन हटिसकेको जानकारी दिए । जनस्वास्थ्यको मान्छे आएर सुत्केरी महिलालाई खाना खान दिएमा यो चलन हट्न सक्छ । यहाँ पुरानो अन्धविश्वासको कारणले गर्दा रहि आएको छ, कसैले जिम्मा लिएमा परिवारले खाना खान दिन्छन् ।

### विन्देश्वरी चौधरी, वर्ष ६०

विन्देश्वरी चौधरी उमेरले डाँडो काटिसकेकी वृद्ध महिला हुन् । उनी पनि पश्चिम खान्दानी चौधरी समुदायकी महिला हुन् । उनका अनुसार आफू पहिलो पटक सुत्केरी हुँदा छ दिनसम्म पानी समेत नपिएको बताइन् । हाम्रो चलन राम्रो छ, ५ दिनसम्म खाना नखाएको कारणबाट कुनै पनि महिला नमरेको बताइन् । बरू कसैले लुकिपिछी खाएको अवस्थामा मर्ने गरेको भनिन् ।

उनका अनुसार आफूहरूलाई सासु ससुराहरूले खाना खान हुँदैन भनेकोले नखाएको र बुहारीहरूलाई पनि नदिएको बताइन् तर बुहारीहरूले खाना खान मागेको बखतमा दिने गरेको बताइन् । खाना खान दिंदा बच्चालाई केहि भएमा बुहारी आफूहरूलाई दोष दिने हुँदा नदिएको बताइन । उनकै भनाईमा बुहरी त छोराको अर्को विवाह गरेपछि पाउन सकिन्छ, नवजात शिशुको आमा कहाँ पाउने" ।

### इन्द्र कुमार चौधरी, वर्ष ३६

इन्द्र कुमार चौधरी पश्चिमा चौधरीकै पारिवारिक सदस्य हुन् । उनका अनुसार पडरीमा केवल १० घरमा यो प्रथा कायम रहेको छ । करिव तीन चार पुस्ता अगाडि सुत्केरी अवस्थामा आमाले खाना खाँदा बच्चा र आमा दुवैको मृत्यु भएको किम्बदन्ती अनुसार सुत्केरी महिलालाई खाना खान दिनुपर्ने लागेता पनि फेरि घटना दोहोरिन्छ कि भन्ने डरले सुत्केरीलाई केही खान नदिएको कानुनले धेरै गरे सजाय मात्र दिने तर आमा र बच्चा दुवैको मृत्यु भए कसले जिम्मा लिने भन्ने उनको सोचाई रहेको छ ।

### शिव पश्चिमा थारू, वर्ष ६०, सनई-८

शिव पश्चिमा थारू भन्छन्- पाचौं दिनको अन्तिम दिनमा सुत्केरीले ज्यादै तिर्खा लाग्यो भनेर पानी खाँदा सुत्केरीलाई ज्वरो आएको र त्यसले झन अन्धविश्वास बढाएको उनको भनाइ छ । तथापि स्वास्थ्यकर्मीले दिने आइरन र क्याल्सियम चक्कीहरू सुत्केरी महिलाले खाने गरेको, अस्पतालमा सुत्केरी भएको अवस्थामा अस्पतालले उपलब्ध गराएको खाना

खाने गरेको र त्यस पश्चात् पनि निरन्तरता दिएको बताए । उनी आफ्नो गुनासो यसरी राख्छन्- रिना चौधरी एक शिक्षित नारी भएर पनि आफू सुत्केरी हुँदा स्वयंले पनि सो प्रथाको विरोध नगरेको र केवल अरूलाई मात्र खानु पर्दछ भन्ने गरेकोले आफू चाहिं नखाने तर अरूलाई मात्र खाना खानको लागि दवाव दिएको भनेर शिव पश्चिमा थारूले आक्रोश पोखेको थिए । हाल रिना चौधरी CEAMP मा स्वयंसेविकाको रूपमा कार्यरत रहेको र यो प्रचलन केवल एकै पटिदारी (परिवारको शाखा सन्तान) मा रहेको छ ।

**८. जनेचतना कार्यक्रम :**

## अधिवक्ता लोकहरि बस्याल, महिला, कानुन र विकास मञ्च

विभिन्न व्यक्तिहरूसँगको अन्तरक्रिया तथा छलफल कार्यक्रम पश्चात् सबै व्यक्तिहरूलाई जम्मा गरी महिलाको प्रजनन स्वास्थ्यको अधिकारका सम्बन्धमा उनीहरूलाई जानकारी गराउने सम्बन्धमा छोटो एक औपचारिक कार्यक्रम राखिएको थियो । सो कार्यक्रमको संचालन गर्दै महिला, कानुन र विकास मञ्चका अधिवक्ता लोकहरि बस्यालले महिलाको प्रजनन स्वास्थ्य र नवजात शिशुको जन्म पश्चात आमाको स्तनपान गर्न पाउने अधिकारको बारेमा आफ्नो मन्तव्य राख्नुभएको थियो । उक्त कार्यक्रममा महिलाको प्रजनन स्वास्थ्य र नवजात शिशुको अधिकार तथा उक्त जातिमा रहेको कु-संस्कारको बारेमा आ-आफ्नो दृष्टिकोण राखि दिनुहुन अनुरोध गर्नुभएको थियो ।

## प्रजनन स्वास्थ्यका डा. मोहम्मद नुरूल होदा, पृथ्वी चन्द्र अस्पताल, परासी

डा. मोहम्मदले सुत्केरी महिलालाई ५ दिनसम्म खाना खान नदिनु अत्यन्तै गलत कार्य हो, जीवन र मरण कसैको हातमा नभएकोले सुत्केरी अवस्थामा खाना खान दिंदा बच्चाको तथा आमालाई केही हुन्छ वा मृत्यु हुन सक्छ भन्ने कुरामा कुनै आधार छैन कुनै जमानामा बच्चा मरेको भन्ने कथन अन्य रोगको कारणबाट हुन सक्छ । गर्भवती अवस्था र सुत्केरी पश्चात महिलालाई पर्याप्त पौष्टिक आहार खुवाउनु पर्दछ साथै बच्चालाई समेत आमाको दूध अमृत हो, त्यसैले आमाको दूध खुवाउनु पर्दछ । डा. मोहमदले तपाईहरूको समुदायको महिलाहरू सुत्केरी हुनको लागि हस्पिटलमा आएमा लाग्ने दस्तुर नलिने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै उहाँले पहिलो दोस्रो पटक सुत्केरी हुँदा अस्पतालमा लैजानु पर्ने सुझाव दिनुभयो । तत्पश्चात स्वतः यो संस्कार हटाउन सकिने कुरामा जोड दिनुभयो । साथै प्रजनन विषयको विविध क्षेत्रमा प्रकाश पार्दै नबुझेको केही कुरा छ भने जिज्ञासा राख्न समेत अनुरोध गर्नुभयो ।



**अधिवक्ता बसन्ती श्रेष्ठ, ल्याक**

अधिवक्ता श्रेष्ठले महिलाको प्रजनन स्वास्थ्यको अधिकारको चर्चा गर्दै सुत्केरी अवस्थामा खाना खान पाउनु उसको नैसर्गिक अधिकार हो । बालिका जन्मेदेखि नै जैविक आधारमा उसको पुरूषको भन्दा भिन्न अवस्था हुन्छ । उसलाई विशेष स्याहार सुसार पुऱ्याउनु पर्दछ । अतः यौवन अवस्थामा हुने मासिक श्राव, गर्भधारण, बच्चाको जन्मान्तर, बच्चाको संख्या निर्धारण लगायत विषयमा महिलाको आत्मनिर्णयको अधिकारले महत्व राख्दछ । गर्भावस्थादेखि सुत्केरी पश्चात पनि महिलाले विशेष स्याहार सुसार र पौष्टिक आहार खाना खान पाउनु उसको विशेष अधिकार भित्र पर्दछन् ।

कानुनी रूमपा महिलाको प्रजनन स्वास्थ्यको अधिकारको रूपमा गर्भपतनलाई समेत मान्यता दिइएको छ । कानूनमा कुनै पनि कारणबाट गर्भधारण भएको १२ हप्तासम्म महिलाको मन्जुरीले गर्भपतन गर्न सक्दछन् । साथै जबरजस्ती करणी र हाडनाता करणीको कारण रहन गएको गर्भको हकमा १८ हप्तासम्मको गर्भपतन गर्न पाउँछन् । यसरी विकलांग बच्चा जन्मन सक्ने अवस्थामा वा महिलाको शारीरिक वा मानसिक रूपमा गम्भीर असर पर्न सक्ने जुनसुकै अवस्थामा गर्भपतन गर्न पाउने गरी कानुनले मान्यता दिएको छ । अधिवक्ता श्रेष्ठले प्रजनन स्वास्थ्यको कुरा गर्दा परिवार नियोजनका साधनको बारेमा समेत उल्लेख गर्नुपर्ने हुन्छ भन्नु भयो । अतः महिलाले कस्तो प्रकारका गर्भनिरोधक साधनहरूको प्रयोग गर्ने सम्बन्धमा श्रीमान वा परिवारको दवावमा नभई आफ्नै निर्णयमा प्रयोग गर्ने उसको अधिकार हो । अतः सुत्केरी अवस्थामा ५ दिनसम्म खाना खान नदिनु महिलाको प्रजनन स्वास्थ्यको अधिकारको विरूद्धमा छ ।

**कृष्ण कार्की, स्थानीय पत्रकार**

स्थानीय पत्रकार श्री कृष्ण कार्कीले अवधि भाषामा नै कतिपय हाम्रा सामाजिक परम्परा र प्रचलन अवैज्ञानिक एवं तथ्यहिन छन् जस्तैः उहाँले आफ्नो समाजमा तिहारमा रोटी पकाउँदा आवाज आयो भने गोरू रूख चड्छन भन्ने उखानका कारण रोटी नपकाउने

गरेकोमा आफूले रोटी पकाउन लगाई कुरिती हटाएको र कुनै पनि गोरू रूख नचडेको उदाहरण समेत प्रस्तुत गर्नुभयो । अतः सुत्केरी अवस्थामा खाना खाँदा बालबच्चा तथा सुत्केरी महिलाको मृत्यु हुन्छ भनने कुरा पनि गोरू रूख चड्छ भन्ने जस्तै हो । भन्दै ५ दिनसम्म खाना खान नदिने प्रचलन तुरून्त हटाउन समेत आग्रह गर्नुभयो ।

### अधिवक्ता सुदर्शन पन्त, नवलपरासी बार इकाई

अधिवक्ता सुदर्शन पन्तले गलत परम्परा र प्रचलन कायम राख्दा सुत्केरी महिला तथा नवजात शिशुको खान पाउने अधिकार तथा स्वास्थ्यको अधिकारको उल्लंघन भइरहेको छ । यो प्रचलनबाट सासु तथा ससुराहरूले बुहारी माथि दमन गरिरहेको पाइएको छ यो तपाईहरूले हटाउने साहस गर्नुहोस् तपाईहरूलाई आवश्यक पर्ने कानुनी सहयोग निःशुल्क रूपमा परासी जिल्ला बारले दिने प्रतिबद्धता व्यक्त गर्नुभयो साथै चौधरी समुदायमा शिक्षा तथा तालिमको आवश्यक छ । विभिन्न संघ संस्थामा तालिमको लागि आग्रह गरिदिने र जनचेतना जगाउने एउटा तालिम आफूले ल्याउन पहल गर्ने प्रतिबद्धता समेत गर्नुभयो ।

### श्री ज्योतिमाया ढुंगाना, महिला विकास कार्यालयकी सामाजिक परिचालिका

श्री ज्योतिमाया ढुंगानाले तपाईहरूलाई दिक्क लागिसकेको होला तर पनि तपाईहरूको अधिकारको सुरक्षाका लागि विभिन्न संस्थाका व्यक्तिहरू टाढा टाढादेखि आउनु भएकोले तपाईहरूको गलत परम्पराले गर्दा आज देश विदेशको ध्यान तपाईहरू तिर पर्न गएको हो, यसलाई अन्यथा नलिई दिनु हुन समेत आग्रह गर्नुभयो ।

**९. स्थानीय निकायका पदाधिकारीसँगको अन्तरक्रियाः**

### प्रमुख जिल्ला अधिकारी गोविन्द खनाल

अनुगमन टोलीले सम्बन्धित स्थलको अनुगमनमा जानुभन्दा पहिला भेटी अनुगमनको लागि जानकारी गराएको थियो । अनुगमन पश्चात टोलीले अनुगमन गर्दा देखिएको तथा सोही समयमा गरिएका क्रियाकलापको बारेमा जानकारी गराउँदै स्थानीय स्तरमा उपरोक्त चौधरी समुदायमा जनचेतना जगाउने खालको तालिमहरू संचालन गर्न र जनस्वास्थ्यको स्थानीय कार्यालयलाई सशक्त रूपमा परिचालन गर्न अनुरोध गरेको थियो । श्री खनालज्यूले आफ्नो स्थानीय स्तरमा तालिम संचालन गर्नका लागि आर्थिक वर्षमा छुट्याइएका बजेट बाहेकको खर्च भने असमर्थ रहेको जानकारी गराउनुभयो तथापि हामी स्थानीय स्तरका जनस्वास्थ्य कार्यलाई परिचालन गर्ने आवश्वासन दिनुभयो ।

### टिकाराम चौधरी, जिल्ला विकास अधिकृत

जिल्ला विकास अधिकृतज्यू समक्ष टोलीले अनुगमन गर्दा देखिएको कुसंस्कारको सम्बन्धमा जानकारी गराए पश्चात उहाँ तपाईहरू काठमाडौंदेखि आउनुभयो हामी हाम्रै जिल्ला पनि पुगन नसकेको भन्दै गुनासो गर्नुभयो । उहाँले उपरोक्त प्रचलन हटाउन आफूले स्थानीय

स्तरमा कार्यरत संघ संस्थालाई उपरोक्त कुरिती विरूद्धमा तालिम संचालन गर्न आग्रह गर्ने प्रतिबद्धता जनाउनुभयो ।

**रमेश प्रसाद अधिकारी, जिल्ला जनस्वास्थ्य कार्यालय, परासी**

श्री अधिकारीसँग पनि टोलीले भेटी ५ दिनसम्म महिलालाई खाना खान नदिने प्रचलनले महिलाको प्रजनन स्वास्थ्यको अधिकारको उल्लंघन भएको सम्बन्धमा जानकारी गराएको थियो । तत्पश्चात श्री अधिकारीले आफूहरूलाई उपरोक्त प्रचलनको खबर आएपछि अत्यन्त दु:ख लागेको र स्थानीय उपस्वास्थ्य चौकीलाई परिचालन गर्ने आश्वासन दिनुभयो । साथै संघ संस्थाले प्रजनन स्वास्थ्यको अधिकारको सम्बन्धमा तालिम संचालन गर्न आग्रह समेत गर्नुभयो ।

## १०. निष्कर्ष तथा सुझाव

### निष्कर्ष

अनुमगन टोलीको स्थलगत अध्ययनबाट निम्न बमोजिम निष्कर्ष निकालेको छः

(क) सनई गा.वि.स. वडा नं. ८ चौधरी समुदायमा रहेको पहिलो पटक सुत्केरी हुँदा ५ दिनसम्म र दोश्रो पटक सुत्केरी हुँदा ३ दिनसम्म पानीसम्म पिउन नदिने प्रचलन तथा गलत कुसंस्कारले गर्दा सुत्केरी महिलाको मात्र नभएर बच्चाको खान पाउने तथा स्वास्थ्यको अधिकारको विरूद्धमा छ ।

(ख) उपरोक्त समुदायमा शिक्षा स्वास्थ्य तथा प्रजनन अधिकारको सम्बन्धमा पर्याप्त ज्ञानको अभाव छ ।

(ग) राज्यका सम्बन्धित निकायले पर्याप्त ध्यान नदिंदा परम्परागत प्रचलन तथा किम्बदन्ती अन्धविश्वासबाट उपरोक्त समुदायका चौधरी समुदाय मुक्त हुने सकिरहेको अवस्था छैन ।

(घ) उपरोक्त ५ दिनसम्म सुत्केरी महिलालाई खाना खान नदिने प्रचलनले महिलालाई संविधान, कानुन तथा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी महासन्धिहरू जस्तै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ द्वारा प्रदत्त समानता, धारा १२ द्वारा प्रदत्त जीवन स्वतन्त्रताको अधिकार, विभिन्न ऐनद्वारा प्रदत्त प्रजनन स्वास्थ्यको अधिकार, महिला महासन्धिको धारा १, १२, १४ आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्धको धारा २, १०, १२ जनसंख्या तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, १९९४ को बुँदा ७ तथा महिला सम्बन्धी विश्व सम्मेलन Beijing Declaration को बुँदा नं. ९६/९७ लगायतका महासन्धिद्वारा प्रदत्त प्रजनन अधिकार उल्लंघन भएको पाइयो ।

**सुझाव :**

१. उपरोक्त कु-संस्कार एंव अन्धविश्वास विरूद्धमा जनचेतनामुलक कार्यक्रम संचालन गर्नुपर्ने त्यसका लागि नेपाल सरकारले स्थानीय निकायलाई यथासिघ्र सशक्त परिचालन गर्नुपर्ने ।

२. महिलाको प्रजनन स्वास्थ्यको अधिकार मात्र नभई बालबालिकाको आमाको दूधपान गर्न पाउने अधिकार सुनिश्चित गराउन आवश्यक कानुन निर्माण गरी त्यस्ता प्रचलनलाई दण्डित गर्नुपर्ने ।

३. महिलाको प्रजनन स्वास्थ्यको अधिकारको सम्बन्धमा कार्यरत संघ संस्थालाई उपरोक्त स्थानमा कार्यक्रम संचालन गर्न नेपाल सरकार र गैरसरकारी संस्थाहरूको बीचमा समन्वय गरी जनचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने ।

४. सम्बन्धित समुदायमा रहेका सचेत व्यक्तिहरू समेत खराब कुसंस्कारको विरूद्धमा खुलेर आउन नसकेको अथवा कुसंस्कारको विरूद्ध बोल्ने व्यक्तिहरूको सामाजिक सुरक्षाको प्रत्याभूत गरिनु पर्ने ।